आर्थिक बर्ष : २०८२/८३

बैठक संख्या :१४

आज मिति २०८३/०२/१२ गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/ वडा नं | नाम,थर |
|---|---|---|---|
| | अध्यक्ष | गाउँपालिका | श्री सूर्य बहादुर कुवँर |
| | उपाध्यक्ष | गाउँपालिका | श्री भगवती शर्मा |
| | वडा अध्यक्ष | १ नं | श्री राजेन्द्र कुमार के .सी. |
| | वडा अध्यक्ष | २ नं | श्री नोम बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ३ नं | श्री मनुकुमारी राना |
| | वडा अध्यक्ष | ४ नं | श्री मुक्त बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ५ नं | श्री ङन बहादुर थापा |
| | वडा अध्यक्ष | ६ नं | श्री कृष्णवहादुर क्षेत्री |
| | वडा अध्यक्ष | ७ नं | श्री मेखराज गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कुशुम देवी शर्मा श्रेष्ठ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री र माया गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री दुर्मा देवी थापा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री इन्दिरा पोखेल |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री पाल सिं विश्वकर्मा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कोपिला बि.क. |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पर्शुराम उपाध्याय |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| दाम ब. राना | कार्यबहाक वडा अध्यक्ष | ८ नं. | श्री दाम बहादुर राना मगर |
| | प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पिताम्बर पोखेल |
| | सहायक प्रशासकीय अधिकृत | गाउँपालिका | श्री दिपक ढुङ्गाना |
| | सहायक लेखा अधिकृत | गाउँपालिका | श्री शंकर चापागाई |

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा गाउँपालिका
स्याङ्जा
२०७३

गाउँ कार्यपालिका बैठक कार्यसूची (२०८३/०२/१२)

| सि.नं. | प्रस्ताव | प्रस्तावक शाखा/ पदाधिकारी | निर्णण भएको/नभएको |
|---|---|---|---|
| १. | गाउँपालिकाबाट भूमी प्रशासन (मालपोत नापी) को सेवा संचालन सम्बन्धमा | अध्यक्षज्यूको सचिवालय | |
| २. | बालश्रममुक्त पालिका दिगोपना घोषणाका लागि सिफारिस सम्बन्धमा। | महिला बालबालिका शाखा | |
| ३. | शिक्षक कर्मचारी सरुवा अनुमोदन सम्बन्धमा। | शिक्षा शाखा | |
| ४. | बिरुवा आधारभूत अस्पताल दर्ता सम्बन्धमा। | स्वास्थ्य शाखा | |
| ५. | पूर्णखोप दिगोपना पालिका घोषणा अनुमोदन सम्बन्धमा। | स्वास्थ्य शाखा | |
| ६. | अध्ययन अवलोकन सिकाई भ्रमण सम्बन्धमा। | गाउँपालिका | |
| ७. | योजनाको म्याद थप सम्बन्धमा। | योजना शाखा | |
| ८. | विविध<br>• सडक मर्मत सम्भार सम्बन्धमा।<br>• | | |

सूर्य बहादुर कुँवर
अध्यक्ष

मिति :२०८३/०२/१२

**निर्णय नं. १**

बिरुवा गाउँपालिका कार्यालयबाट भूमि प्रशासन सम्बन्धी सेवा प्रवाहका लागि बिरुवा गाउँपालिकाबाट भूमि प्रशासन सेवा संचालनका लागि ईच्छुक रहेको भनी सम्वन्धित निकायमा पत्रचार गरिएकोमा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/०२/०८ गते प्रकाशित उल्लेखित सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार तथा मानवस्रोतको उल्लेख भई आएकोमा बिरुवा गाउँपालिका कार्यालयबाट न्युनतम पूर्वाधार व्यवस्थापन हुन सक्ने तर सिमित आन्तरिक आयका कारण मानवस्रोत व्यवस्थापनमा कठिनाई देखिएकोले आवश्यक मानवस्रोत व्यवस्थापनका लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस सहित अनुरोध गर्ने र मानवश्रोतको व्यवस्थापन पश्चात उक्त सेवा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

मिति २०८१/०३/१४ गते बालश्रममुक्त पालिका घोषणा गरिएको बिरुवा गाउँपालिकालाई बालश्रममुक्त पालिका दिगोपना घोषणाका लागि युवा, श्रम तथा रोजगार मन्त्रालयमा सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

बिरुवा गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८३/०२/०५ गतेको निर्णय बमोजिम बिरुवा गाउँपालिका भित्रका चालु शैक्षिक सत्रमा बिद्यार्थी भर्ना नभएका बिद्यालयमा रहेका शिक्षक, वाल विकास सहजकर्ता र विद्यालय सहयोगीको सरुवा अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

बिरुवा गाउँपालिका वडा नं ६ चिन्नेवासमा स्थापना भई संचालनमा रहेको बिरुवा गाउँपालिकास्तरीय बिरुवा आधारभूत अस्पताल दर्ताका लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा गाउँपालिका
स्याङ्जा
२०७३

<u>निर्णय नं. ५</u>

मिति २०८३/०१/३० गते बिरुवा गाउँपालिकालाई पूर्णखोप दिगोपना पालिका घोषणा गरिएकोमा उक्त घोषणालाई सर्वसम्मतीले अनुमोदन गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ६</u>

गण्डकी प्रदेशका कास्की, पर्वत, म्याग्दी र मुस्ताङमा रहेका विभिन्न पालिकाहरुले गरेका असल अभ्यास आदानप्रदान तथा पर्यटकीय र धार्मिक स्थलहरुको अध्ययन, अवलोकनका लागि बिरुवा गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको संयुक्त सिकाई भ्रमण मिति २०८३/०२/१४-१७ सम्म संचालन गर्ने निर्णय गरियो। साथै उक्त कार्यक्रमको लागत साझेदारी प्रतिव्यक्ति रु ५०००/- रहने र अन्य खर्च बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रममा समावेश अध्ययन, अवलोकन, सिकाई भ्रमण शिर्षकमा विनियोजित रकमबाट भुक्तानी गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ७</u>

बिरुवा गाउँपालिका ३ नं. वडा कार्यालयको भवन निर्माणका लागि श्री होराईजन विल्डर्स पोखरा १७, कास्की संग भएको भवन निर्माण सम्झौता (ठेक्का नं. NCB/BRM/WORKS/004/2081/82) बमोजिमको निर्माण कार्य विविध कारणले समयमै निर्माण सम्पन्न हुन नसकेको जानकारी गराउदै निर्माण कम्पनीले निर्माण समयावधी (म्याद) थपका लागि अनुरोध गरेकोले सार्वजनिक खरिद नियमावली लगायत प्रचलित कानुन बमोजिम बिरुवा गाउँपालिका ३ नं. वडा कार्यालयको भवन निर्माणको निर्माण समयावधि म्याद समास भएको मितिले ६ महिना (२०८३ मंसिर २०) सम्मका लागि थप गर्ने सर्वसहमतिले निर्णय गरियो।

<u>निर्णय नं ८</u>

बिरुवा गाउँपालिका अन्तरगत रहेका मुख्य सडकहरु राङखोला-धोबादी , ज्याग्दी करिडोर, बिरुवा लालाङ – तर्ले - कुसुम भन्ज्याङ, बेलघारी -मेथाभुरुङ -सपौदे, भन्ज्याङ बाहु -बिरुवा,बिरुवा किचनास वार्ड कार्यालय र धोबादी खाली सडकहरुलाइ बर्षादको समयमा नियमित संचालन गर्नका लागि श्रमिकहरु परिचालन गरी नाला सरसफाइ गर्ने साथै अन्य सडकहरु अवरोध भए स्थानिय बिपद व्यवस्थापन समितिबाट निर्णय गराइ तत्काल कार्य गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत